बैठक संख्या १५

आज मिति २०८३/०१/१० गते बिहिवारका दिन यस आ.व. २०८२/०८३ अन्तर्गत रामपुर नगर कार्यपालिकाको पन्ध्रौं कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | ~~श्री दुर्गा प्रसाद पोखेल~~ श्री ईश्वरी कुमारी काफ्ले | वडाध्यक्ष का.वा. वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

अन्य उपस्थित

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | युवराज पन्थी | प्रशासकीय अधिकृत | |
| २. | विक्रम वस्नेत | सहायक शिक्षा अधिकृत | |
| ३. | निलकण्ठ वस्याल | स.क.अ. | |

## रामपुर नगरपालिकाको आ.व. २०८२/०८३ को पन्ध्रौ कार्यपालिकाको बैठकका

### प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।

२. प्रदेश समपुरक आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा।

३. प्रदेश विशेष आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा।

४. आगामी आ.व. २०८३/०८४ को लागी योजना, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा ।

५. विविध ।

### निर्णयहरु

१. निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०१/०६ गते बसेको १४ औं कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

क.रामपुर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को बार्षिक बजेट तथा मध्यमकालिन खर्च संरचना निर्माणको प्रक्रिया सञ्चालनको क्रममा रहेको र स्थानीय तहको मध्यमकालिन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) बमोजिम वैशाख ७ गते भित्र चालु आ.व. को वार्षिक विकास कार्यक्रमको समिक्षा कार्यपालिकामा गर्नुपर्ने व्यवस्था भएबमोजिम यस नगरपालिका अन्तर्गतका शाखा प्रमुख र वडा सचिवहरुबाट आफ्नो प्रगति विवरण प्रस्तुतीकरण साथै चालु आ.व.को वार्षिक विकास कार्यक्रम सम्बन्धमा छलफल तथा समिक्षा कार्यक्रम सम्पन्न गरिएको ।

ख. विभिन्न शीर्षकहरुबाट भुक्तानी हुने गरी आर्थिक सहयोग प्रदान गरिएको ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश समपूरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१ बमोजिम आ.व. २०८३/८४ को लागि तपसिल बमोजिमका प्रदेश समपुरक आयोजना तथा कार्यक्रम प्राथमिकिकरणका आधारमा छनौट गरी पठाउने निर्णय गरियो ।

प्रदेश समपुरक आयोजना तथा कार्यक्रम

१. किसानबारी-बेझाड-सदावर्त-चापपोखरी मो.बा. स्तरोन्नती तथा कालोपत्रे, रामपुर, पाल्पा

२. हरित मार्ग स्तरोन्नती, रामपुर-२, पाल्पा

रामपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल रामपुर, पाल्पा स्था. २०७३

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश विशेष अनुदान कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८१ बमोजिम आ.व. २०८३/८४ को लागि तपसिलका प्रदेश विशेष आयोजना तथा कार्यक्रम प्राथमिकिकरणका आधारमा छनौट गरी पठाउने निर्णय गरियो ।

प्रदेश विशेष आयोजना तथा कार्यक्रम

१. शीत भण्डार तथा हाइटेक निर्माण तथा स्तरोन्नती

२. बाहुनडाँडा होमस्टे प्रवर्द्धन कार्यक्रम, रा.न.पा.-७

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी आ.व. २०८३/०८४ को लागि योजना, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा प्रदेश सरकारबाट उपलब्ध हुने बजेट सिलिङ्ग प्राप्त भएपश्चात छलफल र अन्तरक्रियाबाट प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

५. निर्णय नं.५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ३ स्थित गण्डकीढिक देखि रजघरा जाने मो.बा. स्तरोन्नती योजना कार्यान्वयनका लागि कार्यपालिका बैठकमा छलफल गर्दा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिकामा रहेकोमा यस रामपुर नगरपालिकाका अन्तर्गत वडा नं. २ र ३ मा पर्ने खयरबोट, भलायटार घाटबाट कार्यान्वयन हुने गरी  नगरस्तरीय मर्मत शीर्षकबाट कार्यान्वयन हुने गरी निर्णय गरियो ।

६. निर्णय नं.६, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका ३ नं. वडा कार्यालयको च.नं. १२१३, पत्र संख्या २०८२/०८३, मिति २०८३/०१/०७ गतेको पत्रानुसार रामपुर फाँट सिँचाई योजनकाको निर्माण कार्य गर्नका लागि Eco Builders-Pandey-Eco J.V. ले रामपुर नगरपालिका वडा नं. ३ अन्तर्गत रहेको निस्दी खोलाको मसानेघाटबाट उक्त रामपुर फाँट सिँचाई योजनाको निर्माण कार्य गर्नका लागि हाललाई थप आवश्यक पर्ने ५०० घ.मी. गिटी तथा बालुवा जस्ता सामग्री उपलब्ध गराउनका लागि आवश्यक व्यवस्था मिलाइदिनका लागि सिफारिस पत्र पेश गरेकोमा सो सम्बन्धमा बैठकमा छलफल हुँदा कार्यपालिका बैठकमा छलफल हुँदा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिकामा रहेको लिप्सी मझुवाघाट उक्त परिमाणमा निर्माणजन्य सामग्री प्रयोग गर्ने गरी यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरी उक्त घाटबाट ईलाका प्रहरी कार्यालय, नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

७. निर्णय नं.७, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत आ.व. २०८२/०८३ का लागि विनियोजित योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र उक्त योजनाहरुको कार्यान्वयनका लागि निर्माणजन्य सामग्री अति आवश्यक रहेकोले उक्त विषयमा छलफल हुदाँ यस कार्यालयमा नियमानुसार राजस्व बुझाउने गरी सम्पूर्ण निर्माण व्यवसायी, उपभोक्ता समिति, निजी निर्माण कार्य प्रयोजन लगायतको लागि ईलाका प्रहरी कार्यालय, नगर प्रहरी तथा वडा कार्यालयको रेखदेख र निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको बर्दि-घाट-रा.न.पा-१० बाट उक्त कार्य गर्ने निर्णय गरियो ।

८. निर्णय नं.८, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत आ.व. २०८२/०८३ का लागि विनियोजित योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र उक्त योजनाहरुको कार्यान्वयनका लागि निर्माणजन्य सामग्री अति आवश्यक रहेकोले उक्त विषयमा छलफल हुदाँ यस कार्यालयमा नियमानुसार राजस्व बुझाउने गरी सम्पूर्ण निर्माण व्यवसायी, उपभोक्ता समिति, निजी निर्माण कार्य प्रयोजन लगायतको लागि ईलाका प्रहरी कार्यालय, नगर प्रहरी तथा वडा कार्यालयको रेखदेख र निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको लप्सी मझुवा घाट-रा.न.पा- १ र ३ बाट उक्त कार्य गर्ने निर्णय गरियो ।

९. निर्णय नं.९, प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | भुक्तानी पाउने व्यक्ति /संस्थाको नाम | ठेगाना | विवरण | शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | रेशम बहादुर क्षेत्री | रा.न.पा-७ | खेतमा पहिरो गएको र खोला पसेर खेतलाई विगार्ने अवस्थामा रहेको | नगरस्तरीय निर्माण तथा मर्मत कोष | रु १५,०००/-(रु पन्ध्र हजार मात्र) |
| २ | विष्णु माया नेवार | रा.न.पा-७ | निजको आमाको मृत्यु भएकोले काजक्रिया खर्च, आर्थिक स्थिति कमजोर | विपद् व्यवस्थापन कोष | रु १५,०००/-(रु पन्ध्र हजार मात्र) |
| ३ | बालकृष्ण लम्साल | रामपुर, पाल्पा | पाल्पा जिल्लास्तरीय सत्रौ राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा स्थानीय तह रामपुर नगरपालिका छैठौ राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा छनौट भएका ७१ जना खेलाडी विधार्थी ७ जना शिक्षक/प्रशिक्षक यातायात होटल खर्च लगायतको रकम राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता शीर्षकमा अपुग भएको बाँकी रकम भुक्तानी | नगर खेलकुद कार्यक्रम (मेयर कप लगाएत प्रशिक्षणमुलक कार्यक्रम) | रु १,००,०००/-(रु एक लाख) |

१०. निर्णय नं.१०, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. २१४१, प.सं. ०८२/८३, मिति २०८३/०९/०३ गतेको पत्रानुसार पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ५ अन्तर्गत ईलाका प्रहरी कार्यालय रामपुर पाल्पाको च.नं. ४०४, मिति २०८२/१२/१७ को पत्र बमोजिम कार्यालयले स्थापना कालदेखी घेरबार गरी भोगचलन गर्दै आएको कि.नं. ९१० को एलानी क्षेत्रफल ८-११-३-१.४५ (४४४६.६७) वर्गमिटरको जग्गा प्राप्तीको लागि सहमति सहित सिफारिस माग भएकोले उक्त इलाका प्रहरी कार्यालयले भोग चलन गरेको जग्गा दर्ता प्रक्रियामा लैजानको लागि वडा कार्यालयको मिति २०८२/१२/२२ गतेको बैठकले सिफारिस गर्ने निर्णयानुसार जग्गा दर्ता प्रक्रिया नियमानुसार अगाडि बढाउनका लागि सिफारिस पत्र प्राप्त भएकोमा उक्त विषयमा छलफल गर्दा सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ५ माथि छलफल गर्दा कुशल कन्स्ट्रक्सन प्रा.लि., रामपुर न.पा.-१०, पाल्पाको मिति २०८३/०१/०९ को पत्रानुसार यस कार्यालयको ठेक्का नं. RMO/WORK/NCB/44/082/083 (RE) को लागि आवश्यक ३०० घ.मी. ढुङ्गा, गिटी, बालुवा उपलब्ध गराइदिनुहुन भनी लेखि आएकोले उक्त विषयमा छलफल गर्दा नियमानुसार राजस्व बुझाउने गरी ईलाका प्रहरी कार्यालय, नगर प्रहरी तथा वडा कार्यालयको रेखदेख र निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको भुजात घाट रा.न.पा-८ र केलादी घाट रा.न.पा-३ बाट उक्त कार्य गर्नका लागि अनुमती दिने निर्णय गरियो ।